नेपाल सरकार

अर्थ मन्त्रालय

नेपाल सरकारबाट सार्वजनिक संस्थानहरुमा भएको शेयर तथा ऋण लगानी सम्वन्धी

फरक हिसाव भिडान समितिको प्रतिवेदन

आषाढ, २०७६

नेपाल सरकारबाट सार्वजनिक संस्थानहरुमा भएको शेयर तथा ऋण लगानी सम्वन्धी फरक हिसाव भिडान समितिको प्रतिवेदन

2076

प्रतिवेदक

विष्णुराज ढकाल, कार्यालय प्रमुख,सार्वजनिक ऋण व्यवस्थापन कार्यालय -संयोजक

युगराज पाण्डे, उप सचिव,अर्थ मन्त्रालय- सदस्य

दीपककुमार पहाडी, उप सचिव,अर्थ मन्त्रालय- सदस्य

प्रकाश पुडासैनी, उप महालेखा नियन्त्रक,महालेखा नियन्त्रक कार्यलय- सदस्य

रमेश अर्याल,उप सचिव(लेखा), सार्वजनिक ऋण व्यवस्थापन कार्यालय- सदस्य सचिव

बिषय सूची

परिच्छेद-१

१.१ पृष्ठभूमि १
१.२ कार्यदलको गठन २
१.३ कार्यदलको कार्यक्षेत्र ३
१.४ अध्ययन विधि ३
१.५ सीमाहरु ४

परिच्छेद-२

२.१ शेयर लगानी तर्फको फरक हिसाब ५
२.२ ऋण लगानी तर्फको फरक हिसाब ७

परिच्छेद-३

३. संस्थागत विश्लेषण :हिसाव फरक पर्नाको कारण र सुझावहरु ९

परिच्छेद-४

४. प्रतिवेदन अवधिमा हिसाब मिलान भएका, प्रक्रियामा रहेका तथा भिडान हुन वाँकी रकम ५०

परिच्छेद-५

५. आगामी दिनमा सुधारका लागि सुझावहरु ५३

अनुसुची -१ नेपाल सरकारको शेयर लगानीमा देखिएको फरक

अनुसुची -२ नेपाल सरकारको ऋण लगानीमा देखिएको फरक

अनुसुची -३ हिसाब भिडानका क्रममा प्राप्त कागजात तथा अभिलेखहरु

अनुसुची -४ यस प्रतिवेदन तयारी कार्यमा अन्तरक्रियाका क्रममा संलग्न बिभिन्न निकायका कर्मचारीहरु

परिच्छेद-१

१.१ पृष्ठभूमि

नेपाल सरकारबाट सार्वजनिक संस्थानहरुमा विभिन्न कार्यका लागि शेयर तथा ऋण लगानी गरिदै आएको छ । हाल अस्तित्वमा रहेका विभिन्न 41 वटा सार्वजनिक संस्थानहरु मध्ये आ.व. २०७४/075 सम्म महालेखा नियन्त्रक कार्यालयमा रहेको अभिलेख र सम्बन्धित संस्थानबाट प्राप्त विवरणको आधारमा अर्थ मन्त्रालयबाट बार्षिक रुपमा प्रकाशन गरिने सार्वजनिक संस्थानको बार्षिक स्थिति समिक्षा प्रतिबेदनमा नेपाल सरकारबाट सम्बन्धित संस्थानमा शेयर तथा ऋण लगानी गरिएको रकमको हिसाब फरक परेको देखिन्छ । आ.ब. 2073/074 सम्ममा शेयर लगानी तर्फ 18 वटा र ऋण लगानी तर्फ 14 वटा संस्थानको हिसाब भिडान नभई शेयर लगानी तर्फ रु.7 अर्ब ४9करोड 16 लाख (अनुसूची-1) र ऋण लगानी तर्फ रु.22 अर्ब 25 करोड ४२ लाख (अनुसूची-२) फरक परेको देखिन्छ ।उक्त अभिलेख अद्यावधिक नहुँदा नेपाल सरकारलाई शेयर लगानीबाट प्राप्त हुनुपर्ने लाभाशं तथा वोनस शेयर साथै ऋण लगानीबाट फिर्ता हुने साँवा तथा व्याज को पुर्वानुमान र गणनामा समेत असर पर्ने देखिन्छ ।

सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०७४ मा प्रकाशित तालिका २६ (क) मा नेपाल सरकारबाट भएको शेयर लगानी र सम्बन्धित संस्थानको अभिलेखमा फरक रु.7 अर्ब ४9करोड 16 लाख र तालिका २६ (ख) मा नेपाल सरकारको ऋण लगानी र सम्बन्धित संस्थानको अभिलेखमा देखिएको फरक रु.22 अर्ब 25 करोड ४२ लाख रकम गरी कुल 29 अर्ब 74 करोड 58 लाख हिसाब फरक परेको र शेयर लगानी तर्फ १८ वटा संस्थान र ऋण लगानी तर्फ १४ वटा संस्थानहरुको हिसाब फरक परेको देखिन्छ ।यसरी फरक परेको हिसाव अद्यावधिक गर्न जरुरी भएको तथा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको कार्य विवरणमा पनि सहायक ऋण सम्झौता गरी नेपाल सरकारको तर्फबाट गरिएको शेयर तथा ऋण लगानीको अभिलेख तथा लेखा दुरुस्त राख्ने, हिसाव मिलान गर्ने लगायतका कार्यहरु समावेश भएको र आगामी

दिनमा फरक हिसाब भिडान नहुँदा नेपाल सरकारको शेयर तथा ऋण लगानीको प्रतिवेदन यथार्थपरक नहुने भएकोले यसलाई अद्यावधिक गर्नु आवश्यक भएको छ। सोही सन्दर्भमा नेपाल सरकारको शेयर तथा ऋण लगानी भएका तर हिसाब फरक परेका सार्वजनिक संस्थानहरुको अभिलेख तथा कागजातहरु अध्ययन गरी ति प्रमाण समेत खोजी गरी सोही आधारमा फरक हिसाब मिलान गर्न आवश्यक भएको छ ।

१.2 कार्यदलको गठन

सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा २०७४ मा प्रकाशित विवरण अनुसार १८ वटा संस्थानहरुको शेयर लगानी र १४ वटा संस्थानहरुको ऋण लगानीको विवरण फरक परेका सम्बन्धमा उक्त हिसाव भिडानका लागि अर्थ मन्त्रालयको मिति २०७५/१२/०४ को निर्णय बमोजिम २(दुई) महिना भित्र प्रतिवेदन गर्ने गरी देहाय बमोजिमको समिति गठन भएको थियो ।साथै छोटो समयमा धैरै संस्थानको हिसाव भिडान गर्नुपर्ने र समितिका केहि सदस्यहरु बजेट तथा सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा प्रतिबेदन तयारीका लागि समेत संलग्न हुनुपर्दा समितिको माग बमोजिम अर्थ मन्त्रालयको मिति २०७६/०२/२३ को निर्णयानुसार २०७६/०३/१५ सम्म म्याद थप भई समितिले तोकिएको समयमै प्रतिबेदन तयार पारेको छ ।

१. संयोजक: कार्यालय प्रमुख,सार्वजनिक ऋण व्यवस्थापन कार्यालय
२. सदस्य:उपसचिव, वित्तिय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, अर्थ मन्त्रालय
३. सदस्य:उपसचिव, आर्थिक नीति विष्लेषण महाशाखा,अर्थ मन्त्रालय
४. सदस्य:शाखा प्रमुख, ऋण तथा लगानी शाखा, महालेखा नियन्त्रक कार्यालय
५. सदस्य:आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत, सम्वन्धित संस्था
६. सदस्य सचिव: शाखा प्रमुख, हिसाव समायोजन शाखा, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय।

1.3 कार्यदलको कार्यक्षेत्र

अर्थ मन्त्रालयकोमिति २०७५/१२/०४ को सचिव (राजस्व) स्तरीय निर्णय अनुसार गठित समितिलाई उक्त फरक हिसाब भिडान गरी प्रतिवेदन गर्ने निम्नानुसारको कार्यविवरण तोकिएको छ ।

१. महालेखा नियन्त्रक कार्यालयमा रहेको ऋण तथा शेयर लगानीको अभिलेख तथा सम्वन्धित संस्थानको अभिलेख भिडान गरी फरक हिसाव पत्ता लगाउने ।
२. फरक विवरणको आवश्यक कागजात संकलन गर्ने ।
३. फरक हिसाव मिलानका लागि सुझाव पेश गर्ने ।
४. प्रमाण सहित हिसाव फरक परेको पत्ता लागेमा दुवै पक्षको हिसाव अद्यावधिक गर्न लगाइ अर्थ मन्त्रालयमा प्रतिवेदन गर्ने ।
५. हिसाब फरक परेको, कागजात उपलव्ध हुन नसकेको तर हिसाब समायोजन गर्न कुनै सुझाव भएमा सो को प्रतिवेदन गर्ने ।
६. आगामी दिनमा शेयर तथा ऋण लगानीको अभिलेख व्यवस्थित गर्न आवश्यक सुझावहरु पेश गर्ने ।

कार्यबोझको आधारमा उक्त समितिले आवश्यकता अनुसार सम्बन्धित पदाधिकारी, कर्मचारी तथा विज्ञलाई सदस्यका रुपमा आमन्त्रण गर्न सक्ने छ ।

1.4 अध्ययन विधि

१. अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र सम्बन्धित संस्थानको प्रतिनिधि सहित हिसाव मिलान हुन नसक्नुका कारण पहिचान गरी सो सँग सम्बन्धित प्रमाण कागजातको अध्ययन गर्ने ।
२. शेयर लगानी तर्फ महालेखा नियन्त्रक कार्यालयको अभिलेखर सम्बन्धित संस्थानको प्रमाणित वित्तीय विवरण, कम्पनी रजिष्ट्रारको कार्यालयको शेयर दर्ता किताब समेतको आधारमा फरक हिसाव यकिन गर्ने।
३. नेपाल सरकार तथा सम्बन्धित निकायहरुबाट भएका शेयर तथा ऋण लगानी सम्बन्धी सान्दर्भिक विभिन्न निर्णयहरु प्राप्त गरी अध्ययन गर्ने र सोही आधारमा फरक परेको निकायको हिसाब यकिन गर्ने।

४. नेपाल सरकार लगानी भएका संस्थानहरुसंग शेयर तथा ऋण लगानीमा फरक परेको बिवरण उल्लेख गरि पुन: सम्बन्धित निकायको राय माग गरि हिसाब यकिन गर्ने ।

1.5 सीमाहरु

- नेपाल सरकारबाट विभिन्न सार्वजनिक संस्थानहरुमा भएको शेयर तथा ऋण लगानीको मध्ये एकै पटक हिसाव फरक परेका धेरै संस्थानहरुको अध्ययन गरी तोकिएको समयमा प्रतिवेदन गर्नु पर्ने अवस्था रहेकोले संस्थानहरुबाट प्राप्त अभिलेखका आधारमा मात्र प्रतिवेदन तयार पारिएको छ ।
- हाल सम्म नेपाल सरकारबाट विभिन्न सार्वजनिक संस्थानहरुमा भएको शेयर तथा ऋण लगानीको अभिलेख एकातर्फ संस्थान तर्फ रहेको छ भने अर्को तर्फ महालेखा नियन्त्रक कार्यालयसँग मात्र रहेको अवस्थामा समितिले तहाँबाट उपलव्ध तथ्याङ्क तथा प्रमाणको आधारमा मात्र अध्ययन गर्नुपर्ने अवस्था रहेको छ ।
- हाल संचालनमा नरहेका साथै खारेजी पनि नभएका केही संस्थानहरुको प्राथमिक तथ्यांक समेत उपलव्ध हुन नसक्दा आंशिक तथ्यांकका आधारमा प्रतिवेदन तयार पारिएको छ ।
- नेपाल सरकारबाट सार्वजनिक संस्थानमा हुने शेयर तथा ऋण लगानीका तथ्यांक अद्यावधिक गर्नको लागि हाल सम्म स्वचालित प्रणाली लागु भई नसकेको, प्राप्त अभिलेख पनि पूर्ण रुपमा उपलव्ध हुन नसकेकोले आंशिक सुचनाका आधारमा प्रतिवेदन तयार पारिएको छ।
- अर्थ मन्त्रालयबाट प्रकाशन हुने सार्वजनिक संस्थानहरुको वार्षिक स्थिति समीक्षा,२०६७ देखि मात्र फरक हिसाब उल्लेख भएकाले सोही फरक अंकलाई आधार मानि हिसाब फरक पर्नुको कारण र सुझावहरु उल्लेख गरिएको छ ।
- सार्वजनिक संस्थानहरुको वार्षिक स्थिति समीक्षा, २०७4 मा उल्लेखित फरक हिसाब अध्ययन गरी सोही आधारमा फरक परेको कारण पत्ता लगाई सुझाव सहित प्रतिवेदन पेश गरिएको छ।त्यस पछि परेको फरक हिसावलाई प्रतिवेदनमा समावेश गरिएको छैन।

परिच्छेद-२

2.१ शेयर लगानी तर्फ फरक हिसाब :

सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०७4 मा नेपाल सरकारको लगानीमा देखिएको फरक तालिका अनुसार विद्यमान ४० संस्थानहरुमध्ये 18 वटा संस्थानहरुको विवरण फरक परेको देखिन्छ ।

(क) महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार वढी देखिएको शेयर रकम:

(रु. लाखमा)

सि.नं.	संस्थाको नाम	महालेखा नियन्त्रक कार्यालयअनुसार (क)	संस्थान अनुसार (ख)	फरक (क-ख)	s}lkmot
		शेयर	शेयर	शेयर	
१	जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लि.	३९७	२४१	१५६	
२	नेपाल औषधी लि.	748	747	1	
३	कृषि सामाग्री कम्पनि लि.	4144	4143	1	
४	नेपाल खाद्य संस्थान	9993	9904	89	
५	दि टिम्बर कर्पोरेशन अफ नेपाल लि.	155	154	1	
६	नेपाल दूरसञ्चार कम्पनी लि.	137242	137240	2	
७	नेशनल कन्ट्रक्शन कम्पनी नेपाल लि.	621	0	621	
८	नेपाल ईन्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लि.	38	0	38	
९	नेपाल वायुसेवा निगम	3793	1623	2170	
१०	नेपाल नागरिक उड्डयन प्राधिकरण	286549	254897	31652	
११	जनक शिक्षा सामाग्री केन्द्र लि.	4564	4500	64	
१२	विद्युत उत्पादन कम्पनी लि.	10100	9900	200	

	जम्मा	458344	423349	34995	

हिसाब फरक परेका १2 वटा संस्थानहरुको शेयर रकम महालेखा नियन्त्रक कार्यालयको अभिलेखमा कुलरकमरु.45 अर्ब 83 करोड 44 लाख रहेको रसंस्थानहरुले नेपाल सरकारको शेयर लगानी रकम रु.42 अर्व 33 करोड 49 लाख प्रतिवेदन गरेको देखिन्छ।उक्त विवरण अनुसार महालेखा नियन्त्रक कार्यालयको अभिलेख र सम्वन्धित संस्थानहरुको अभिलेखमा रु.३ अर्व ४९ करोड ९5फरक परेको देखिन्छ ।

(ख) महालेखा नियन्त्रक कार्यालयमा कम देखिएको शेयर रकम:

					(रु.लाखमा)
सि.नं.	संस्थाको नाम	संस्थानअनुसार (ख)	महालेखा नियन्त्रक कार्यालयअनुसार(क)	फरक (क-ख)	s}lkmot
		शेयर	शेयर	शेयर	
१	जनकपुर चुरोट कारखाना लि.	800	408	392	
२	राष्ट्रिय बीउविजन कम्पनी लि.	1185	1101	84	
३	औद्योगिक क्षेत्र व्यवस्थापन लि.	8151	8146	5	
४	नेपाल विद्युत प्राधिकरण	825127	725065	100062	
५	कृषि विकास बैंकलि.	90474	81398	9076	
६	नागरिक लगानी कोष	740	450	290	
	जम्मा	926477	816568	109909	

हिसाब फरक परेका 6 वटा संस्थानहरुको शेयर रकम महालेखा नियन्त्रक कार्यालयको अभिलेखमा कुल रकम रु.८1 अर्व 65 करोड 68 लाख रहेको र संस्थानहरुले नेपाल सरकारको शेयर लगानी रकमरु.९2 अर्व 64 करोड 77 लाख प्रतिवेदन गरेको देखिन्छ । यसरी महालेखा नियन्त्रक कार्यालयको अभिलेखमा सम्वन्धित संस्थानहरुको

प्रतिवेदनमा भन्दा रु.10 अर्ब 99 करोड 9 लाख कम रकमको अभिलेख रहेको देखिन्छ ।

२.२ ऋण लगानी तर्फ फरक हिसाब :

क) महालेखा नियन्त्रक कार्यालयको अभिलेखमा वढि देखिएको ऋण लगानी रकम :

					(रु. लाखमा)
सि.नं.	संस्थाको नाम	म.ले.नि.का.अनुसार (क)	संस्थान अनुसार (ख)	फरक (क-ख)	s}lkmot
		ऋण	ऋण	ऋण	
१	उदयपुर सिमेन्ट उद्योग लि.	22100	17250	4850	
२	नेपाल ओरिण्ट म्याग्नेसाईट प्रा.लि.	7860	7843	17	
३	नेपाल खाद्य संस्थान लि.	42	0	42	
४	दि टिम्बर कर्पोरेशन नेपाल लि.	30	0	30	
५	नेशनल कन्ट्रक्शन कम्पनी नेपाल लि.	116	0	116	
६	नेपाल पारवहन तथा गोदाम व्यवस्थापन कम्पनी लि.	1201	0	1201	
७	नेपाल वायुसेवा निगम लि.	5958	0	5958	
८	नेपाल खानेपानी संस्थान लि.	58944	37365	21579	
९	नेपाल विद्युत प्राधिकरण	1327394	1106041	221353	
१०	नेपाल दूरसञ्चार कम्पनी लि.	9065	0	9065	
११	एन.आई.डि.सि.डेभलपमेण्ट बैंक लि.	3349	0	3349	
	क) जम्मा	1436059	1165499	२67560	

हिसाब फरक परेका ११ वटा संस्थानहरुको ऋण रकम महालेखा नियन्त्रक कार्यालयको अभिलेखमा कुल रकम रु.1खर्व 43 अर्ब 60 करोड 59 लाख रहेको र

संस्थानहरुले नेपाल सरकारको ऋण लगानी रकमरु.1 खर्व 16 अर्व 84 करोड 99 लाख प्रतिवेदन गरेको देखिन्छ । यसरी महालेखा नियन्त्रक कार्यालयको अभिलेख र सम्वन्धित संस्थानहरुको अभिलेखमा रु.26 अर्व 75 करोड 60 लाख फरक परेको देखिन्छ ।

ख)महालेखा नियन्त्रक कार्यालयको अभिलेखमा कम देखिएको ऋण लगानी रकम :

(रु.लाखमा)					
सि.नं.	संस्थाको नाम	संस्थानअनुसार (ख)	म.ले.नि.का.अनुसार (क)	फरक (क-ख)	s}lkmot
		ऋण	ऋण	ऋण	
१	नेपाल नागरिक उड्डयन प्राधिकरण	57242	14988	42254	
२	कृषि विकास बैंकलि.	13845	11680	2165	
३	राष्ट्रिय वाणिज्य बैंक लि.	600	0	600	
	(ख) जम्मा	71687	26668	45019	

हिसाब फरक परेका ३ वटा संस्थानहरुको ऋण लगानी रकम महालेखा नियन्त्रक कार्यालयको अभिलेखमा रु.2 अर्व 66 करोड 68 लाख रहेको र संस्थानहरुले नेपाल सरकारको ऋण लगानी रु.7 अर्व 16 करोड 87 लाख प्रतिवेदन गरेको देखिन्छ । यसरी महालेखा नियन्त्रक कार्यालयको अभिलेख र सम्वन्धित संस्थानहरुको अभिलेखमा रु.४ अर्व 5० करोड १९ लाख फरक परेको देखिन्छ ।

परिच्छेद-३

3.संस्थान अनुसार फरक हिसाबको विश्लेषण:

नेपाल सरकारबाट सार्वजनिक संस्थानहरुमा भएको शेयर तथा ऋण लगानीको फरक हिसाब विश्लेषाणका लागि सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०७४ लाई आधार मानी हिसाब फरक परेका संस्थानसँग विभिन्न समयमा भएका पत्राचार, अन्तरक्रिया लगायतका आधारमा फरक हिसाबको विश्लेषण गरिएको छ । सम्वन्धित संस्थानको हिसाबसँग सम्वन्धित अभिलेख तथा कागजात अनुसूची ३ र अन्तरक्रियाका क्रममा सहभागीहरुको विवरण अनुसूची ४ मा संलग्न छ ।

३.1 जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लि.

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लि.को अभिलेख अनुसार	फरक रकम
रु.3,97,00,000।-	रु.2,41,00,000।-	रु.1,56,00,000।-

फरक पर्नुको कारणः

नेपाल सरकार मन्त्रिपरिषद्को मिति 2051/05/13 को निर्णयानुसार खारेजीमा परेका जडीवुटी फर्म र कार्यालयहरुको मुल्यांकन समिति बाट मुल्याकंन भए वमोजिम जडिवुटी तथ्यांक संकलन कार्यालय, महेन्द्रनगरको रु.20,01,080।89, जडिवुटी संरक्षण तथा प्रयोगशाला, नेपालगंजको रु.35,03,453।58 र जडीवुटी उद्यान, तरहराको रु.1,00,50,288।15 गरी जम्मा रु.1,55,54,822।62 वरावरको जायजेथा नेपाल सरकारको पुर्व स्वीकृति वेगर जग्गा जमीन वेच विखन गर्न नपाउने शर्तमा जडीवुटी उत्पादन तथा प्रशोधन कम्पनी लि.मा नेपाल सरकारको शेयरको रुपमा लगानी गर्ने निर्णय भएको छ ।नेपाल सरकारबाट भएको निर्णय सम्वन्धित

कम्पनीबाट हाल सम्म पनि कार्यन्वयन नहुँदा उक्त रकम नेपाल सरकारको नाममा शेयर कायम नभई हिसाब फरक परेको देखिन्छ ।

सुझावः

मन्त्रिपरिषद्को निर्णयको आधारमा जडीवुटी उत्पादन तथा प्रशोधन कम्पनीले नेपाल सरकारको नाममा रु.1,55,54,822।62 शेयर रकम कायम गरि अभिलेख अद्यावधिक गरि हिसाव भिडान गर्नु पर्ने देखिन्छ ।

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लि.को अभिलेख अनुसार	फरक रकम
रु.४,९३,००,०००।-	रु.४,९३,००,०००।-	नभएको

३.२ जनकपुर चुरोट कारखाना लि.

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	जनकपुर चुरोट कारखाना लि.को अभिलेख अनुसार	फरक रकम
रु.4,08,00,000।-	रु.8,00,00,000।-	रु.3,92,00,000।-

फरक पर्नुको कारणः

जनकपुर चुरोट कारखाना लि. को अर्थ मन्त्रालयबाट प्रकाशित सार्वजनिक संस्थानहरुको वार्षिक स्थिती समिक्षा 2074मानेपाल सरकारको तर्फबाट शेयर लगानी रु.4,08,37,000।- उल्लेख हुनुपर्नेमा अधिकृत पुँजी रु.8,00,00,000।- लाई नै शेयर लगानी भनी प्रतिवेदन गर्दा फरक परेको पाइयो । हाल सो रकम सार्वजनिक संस्थानहरुको वार्षिक स्थिती समिक्षा 207५ मा दुवै तर्फ रु.4,08,37,000।- कायम गरी हिसाव मिलान भई सकेको अवस्था रहेको देखिन्छ ।

सुझावः

हाल सार्वजनिक संस्थानहरुको वार्षिक स्थिती समिक्षा, 207५मा रु.3,92,00,000।- हिसाब मिलान भइसकेकोले थप केही गर्नु नपर्ने अवस्था देखियो ।

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	जनकपुर चुरोट कारखाना लि.को अभिलेख अनुसार	फरक रकम
रु.2,85,15,00,०००।-	रु.2,85,15,00,०००।-	नभएको

3.३ नेपाल औषधी लिमिटेड

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	नेपाल औषधी लिमिटेड को अभिलेख अनुसार	फरक रकम
रु.7,48,00,000।-	रु.7,47,00,000।-	रु.1,00,000।-

फरक पर्नुको कारणः

नेपाल औषधी लिमिटेडको अभिलेख अनुसार नेपाल सरकारको शेयर लगानी रु.7,47,99,000।- देखिन्छ । महालेखा नियन्त्रक कार्यालयबाट प्रतिवेदन हुँदा रु. 7,48,00,000।- भएको देखिन्छ । यसरी प्रतिवेदन गर्दा पूर्ण यथार्थ अंकमा नभई शुन्यान्तर गरी प्रतिवेदन गरेका कारण रु.१ लाख फरक पर्न गएको देखियो ।

सुझावः

उक्त रकम प्रस्तुतिकरणमा शुन्यान्तरका कारणले फरक पर्न गएको देखिँदा पुर्ण तथ्याकं प्रस्तुत गरी प्रतिवेदन गर्दा रु.1,00,000।-हिसाव फरक पर्ने देखिँदैन ।

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	नेपाल औषधी लिमिटेड को अभिलेख अनुसार	फरक रकम
रु.1,01,09,00,000।-	रु.1,01,09,00,000।-	नभएको

३.4 उदयपुर सिमेण्ट उद्योग लि.

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	उदयपुर सिमेण्ट उद्योग लि.को अभिलेख अनुसार	फरक रकम
रु.3,६४,81,00,०००।-	रु.3,६४,81,00,०००।-	नभएको

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	उदयपुर सिमेण्ट उद्योग लि.को अभिलेख अनुसार	फरक रकम
रु.2,21,00,00,०००।-	रु.1,72,50,00,०००।-	रु.48,50,00,000।-

फरक पर्नुको कारणः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार नेपाल सरकारको तर्फबाट ऋण लगानी भएको भनि रु.2,21,00,00,०००।-प्रतिवेदन भएकोमा सम्वन्धित संस्थानलेउक्त फरक परेको रु.४८,५०,००,०००.०० रकम नेपाल सरकारलाई चुक्ता गरी रु.1,72,50,00,०००।- मात्र नेपाल सरकारको ऋण लगानी रहेको भनी प्रतिवेदन गरेको पाईयो ।सम्वन्धित कम्पनी लि.बाट प्राप्त विवरण अनुसार तपसिल बमोजिमको रकम नेपाल सरकारको खातामा जम्मा गरी ऋण चुक्ता गरी सकेको भनि प्रतिलिपि भौचर सहित पेश हुन आएको अवस्था देखियो ।यसरि हेर्दा महालेखा नियन्त्रक कार्यालयको अभिलेख अध्यावधिक नभएको कारणबाट हिसाव फरक परेको देखिन्छ ।

तपसिल :

सि.नं.	दाखिला मिति	रकम रु.
१.	2052।12।18	5,00,00,000।-
2.	2054।03।26	5,00,00,000।-
3.	2055।०3।11	8,00,00,000।-
4.	2055।03।28	2,00,00,000।-
5.	2055।12।30	5,00,00,000।-
6.	2056।०3।21	10,00,00,000।-
७.	2056।12।०6	50,00,000।-
8.	2057।०1।26	3,00,00,000।-
9.	2057।02।24	2,00,00,000।-
10.	2057।०3।13	3,00,00,000।-
11.	2057।०3।29	4,00,00,000।-
12.	2062।०2।०9	1,00,00,000।-
	जम्मा	48,50,00,000।-

सुझावः

उदयपुर सिमेण्ट उद्योग लि.को बाट पेश हुन आएका उपरोक्त वमोजिमका भौचरहरु महालेखा नियन्त्रक कार्यालयले बैंकसँग समेत भिडान गरी अभिलेख अद्यावधिक गर्दा फरक हिसाव रु.४८,५०,००,०००।०० मिलान हुने देखिन्छ ।

३.5 नेपाल ओरिण्ड एण्ड म्याग्नेसाईट प्रा. लि.

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	नेपाल ओरिण्ड एण्ड म्याग्नेसाईट प्रा. लि.को अभिलेख अनुसार	फरक रकम
रु.37,50,00,०००।-	रु.37,50,00,०००।-	नभएको

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	नेपाल ओरिण्ड एण्ड म्याग्नेसाईट प्रा. लि.को अभिलेख अनुसार	फरक रकम
रु.78,60,00,०००।-	रु.78,43,00,०००।-	रु.17,00,000।-

फरक पर्नुको कारणः

मिति २०७४/०३/३० मा महालेखा नियन्त्रक कार्यालयबाट निकासा भएको रु.१७ लाख उक्त कार्यालयले सोही आ.ब. को ऋण तर्फको अभिलेखमा समावेश गरेको तर नेपाल ओरिण्ड एण्ड म्याग्नेसाईट प्रा. लि.बाट उक्त रकम रु. १७ लाख लगत्तै पछिल्लो आ.ब. मा मात्र आफ्नो अभिलेखमा समावेश गर्दा सो आ.ब. मा हिसाब फरक परेको देखियो ।

सुझाव:

हाल उक्त रकम रु. १७ लाख नेपाल ओरिण्ड एण्ड म्याग्नेसाईट प्रा. लि.ले ऋण तर्फको अभिलेखमा अद्यावधिक गरि हिसाब मिलान गरि सकेकाले थप केहि कारवाही गर्नु पर्ने अवस्था देखिएन ।

३.6 कृषि सामग्री कम्पनी लि.

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	कृषि सामग्री कम्पनी लि.को अभिलेख अनुसार	फरक रकम
रु.41,44,00,000।-	रु.41,43,00,000।-	रु.1,00,000।-

फरक पर्नुको कारणः

कृषि सामग्री कम्पनी लि.को वित्तिय विवरण अनुसार उक्त लिमिटेडमा नेपाल सरकारको शेयर लगानी रु. 41,43,71,700।- देखिएकोमा महालेखा नियन्त्रक कार्यालयबाट प्रतिवेदन हुँदा रु. 41,44,00,000।- भएको देखिन्छ ।

सुझावः

उक्त रकम हिसाव फरक परेको कारणबाट नभइ प्रस्तुतीकरणमा शुन्यान्तरका कारणले फरक पर्न गएको देखिदा वास्तविक तथ्याकं प्रस्तुत गर्दा रु.1,00,000।-हिसाव मिलान हुने देखिएकोले थप कारवाही गर्नु पर्ने देखिएन ।

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	कृषि सामग्री कम्पनी लि.को अभिलेख अनुसार	फरक रकम
रु.1,22,00,000।-	रु.1,22,00,000।-	नभएको

३.7 राष्ट्रिय बीउ विजन कम्पनी लि.

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	राष्ट्रिय बीउ विजन कम्पनी लि. को अभिलेख अनुसार	फरक रकम
रु.11,01,00,000।-	रु.11,85,00,000।-	रु.84,00,000।-

फरक पर्नुको कारणः

राष्ट्रिय बीउ विजन कम्पनी लि.बाट शेयर लगानी सम्बन्धी प्रतिवेदन गर्दा नेपाल सरकारको शेयर लगानी र अन्य निकायको शेयर लगानी समेत एकमुष्ट नेपाल सरकारको शेयर लगानी भनि रु.११,८५,००,०००।०० प्रतिवेदन गरेको देखियो । सो रकममा नेपाल सरकार वाहेकका निकायहरुको शेयर लगानी रु.84,38,400।- समेत समावेश गरी नेपाल सरकारको शेयर लगानीको रुपमा प्रतिवेदन गरेकोले हिसाव फरक परेको देखिन्छ।

सुझावः

राष्ट्रिय बीउ विजन कम्पनी लि.को आ.व. २०७४/०७५ को लेखापरीक्षण सहितको वितिय विवरणमा नेपाल सरकारको शेयर लगानी तर्फ रु.११,००,७८,५००।०० र अन्य विभिन्न निकायको रु.८४,३८,४००।०० समेत गरि जम्मा रु.11,85,00,000।-हुनु पर्ने रजेपाल सरकारतर्फको रु.11,00,78,500।-लाई शुन्यान्तर गरि उल्लेख गर्दा रु.11,01,00,000।- भएको देखिएकोले शेयर तर्फको हिसाब भिडान हुने देखिन्छ । अत उक्त रकम महालेखा नियन्त्रकको अभिलेख सँग भिडान हुने देखिएकोले थप कारवाही गर्नुपर्ने अवस्था देखिदैंन।

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख	राष्ट्रिय बीउ विजन कम्पनी लि.	फरक रकम

अनुसार	को अभिलेख अनुसार	
00	00	नभएको

३.8 नेपाल खाद्य संस्थान

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	नेपाल खाद्य संस्थान को अभिलेख अनुसार	फरक रकम
रु.99,93,00,०००।-	रु.99,04,00,०००।-	रु.89,00,000।-

फरक पर्नुको कारणः

नेपाल खाद्य संस्थानबाट आ.ब. 073/074 मा नै संस्थान र महालेखा नियन्त्रक कार्यालय वीच शेयर लगानी हिसाव मिलान भैसकेको र त्यस उप्रान्त तँहाबाट शेयर तर्फ कुनै लगानी नभएको भनि जानकारी प्राप्त हुन आयो । सोही विषयमा नेपाल खाद्य संस्थान र महालेखा नियन्त्रक कार्यालय वीच पटक पटक पत्राचार भएको देखिन्छ । साथै महालेखा नियन्त्रक कार्यालयले सम्वन्धित संस्थानलाई शेयर लगानीको लगत समेत संलग्न राखी उपलव्ध गराएको देखिन्छ ।
यसरी महालेखा नियन्त्रक कार्यालयबाट शेयर लगानीको लगत सहित विवरण उपलव्ध गराइएता पनि सम्वन्धित संस्थानबाट नेपाल सरकारबाट शेयर तर्फ कुनै लगानी नभएको भनि आफ्नो अभिलेख पनि अद्यावधिक गरेको देखिएन ।साथै पटक पटक ताकेता गर्दा समेत तँहाबाट हिसाब मिलानमा तदारुकता देखाएको पाइएन ।

सुझावः

नेपाल खाद्य संस्थानले महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त अभिलेखको आधारमाहिसाब नरहेको वा चुक्ता गरि समेको भए सो को यथेष्ट प्रमाण पेश गरि हिसाव समायोजन गर्नुपर्ने अन्यथा रु.89,00,000।- आफ्नो अभिलेखमा समेत नेपाल सरकारको शेयर कायम गरी हिसाब अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	नेपाल खाद्य संस्थान को अभिलेख अनुसार	फरक रकम
रु.42,00,०००।-	00	रु.42,00,०००।-

फरक पर्नुको कारणः

नेपाल खाद्य संस्थानबाट आ.ब. 073/074 मा नै संस्थान र महालेखा नियन्त्रक कार्यालय वीच ऋण लगानी हिसाव मिलान भैसकेको र त्यस उप्रान्त तँहाबाट ऋण तर्फ कुनै लगानी नभएको भनि जानकारी प्राप्त हुन आयो । महालेखा नियन्त्रक कार्यालयले सम्वन्धित संस्थानलाई ऋण लगानीको लगत समेत संलग्न राखी अभिलेख उपलव्ध गराएको देखिन्छ । तर नेपाल खाद्य संस्थानबाट ऋण तर्फ कुनै लगानी नभएको भनि आफ्नो अभिलेख पनि अद्यावधिक गरेको देखिंदैन ।

सुझावः

नेपाल खाद्य संस्थानले ऋण चुक्ता गरिसकेको भए सो को प्रमाण पेश गर्नु पर्ने अन्यथा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त अभिलेखको आधारमा रु.42,00,०००।- हिसाव कायम गरी आफ्नो अभिलेख अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

३.9 दि टिम्बर कर्पोरेशन अफ नेपाल लि.

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	दि टिम्बर कर्पोरेशन अफ नेपाल लि.को अभिलेख अनुसार	फरक रकम
रु.1,55,00,०००।-	रु.1,54,00,०००।-	रु.1,00,000।-

फरक पर्नुको कारणः

दि टिम्बर कर्पोरेशन अफ नेपाल लि. को अभिलेख अनुसार नेपाल सरकारको शेयर लगानी रु.1,54,81,600।०० हुनु पर्नेमा महालेखा नियन्त्रक कार्यालय प्रतिवेदन हुँदा रु. 1,5५,00,000।०० र दि टिम्बर कर्पोरेशन अफ नेपाल लि. बाट रु.1,54,००,०00।०० हुँदा रु. १ लाख फरक पर्न गएको देखिन्छ । यसरी उक्त रकम हिसाब फरक परेको कारणबाट नभई प्रस्तुतिकरणमा शुन्यान्तर हुँदाका कारण फरक पर्न गएको देखिन्छ ।

सुझावः

दुवै तर्फबाट यथार्थ पूर्ण अंक सहितको तथ्याकं प्रस्तुत गरी प्रतिवेदन गर्दा रु.१,००,०००।००हिसाब मिलान हुने देखिन्छ।

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	दि टिम्बर कर्पोरेशन अफ नेपाल लि.को अभिलेख अनुसार	फरक रकम
रु.30,00,०००।-	00	रु.30,00,०००।-

फरक पर्नुको कारणः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार रु. ३० लाख दि टिम्बर कर्पोरेशन अफ नेपाल लि. को नाममा ऋण रहेको र दि टिम्बर कर्पोरेशन अफ नेपाल लि. ले सो ऋण चुक्ता गरेको प्रमाण पनि पेश नगरेको र अभिलेख पनि अद्यावधिक नगरेको कारण फरक पर्न गएको देखिन्छ ।

सुझावः

दि टिम्वर कर्पोरेशन लिमिटेडले उक्त ऋण चुक्ता गरिसकेको भए सो को प्रमाण पेश गर्नु पर्ने अन्यथा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त अभिलेखको आधारमा रु.30,00,०००।-हिसाव कायम गरी सोही वमोजिम अभिलेख अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

३.10 औद्यौगिक क्षेत्र व्यवस्थापन लि.

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	औद्यौगिक क्षेत्र व्यवस्थान लि.को अभिलेख अनुसार	फरक रकम
रु.81,46,00,०००।-	रु.81,51,00,०००।-	रु.5,00,000।-

फरक पर्नुको कारणः

औद्योगिक क्षेत्र व्यवस्थापनको २० औं वार्षिक प्रतिवेदन वमोजिम कुल शेयर संख्या 82,39,680 मध्ये नेपाल सरकार तर्फ अर्थ मन्त्रालयको 69,31,620, उद्योग मन्त्रालयको 7,14,756 र महालेखा नियन्त्रक कार्यालयको 4,99,959 गरी जम्मा नेपाल सरकारको लगानी रहेको शेयर संख्या 81,46,000 हुन आउने देखिन्छ ।प्रति शेयर रु. 100 को दर बाट गणना गर्दा जम्मा रकम रु.81,46,00,000।००हुन आउने देखिन्छ।तर संस्थानबाट रु.81,51,00,०००।०० प्रतिवेदन गर्दा रु.5,00,000।०० फरक पर्न गएको अवस्था देखिन्छ।

सुझाव :

औद्योगिक क्षेत्र व्यवस्थापनले आ.ब. 073/74 प्रतिवेदन गर्दा अन्यथा हुन गई नेपाल सरकारको शेयर तर्फ रु.5,००,०००।०० वढि प्रतिवेदन गर्दा फरक पर्न गएको रकम अर्को आ.व. को प्रतिवेदनमा सुधार गरी पेश गरिसकेकाले महालेखा नियन्त्रक कार्यालयको अनुसार भिडान भइसकेकाले थप केही कारवाही गर्नु पर्ने अवस्था देखिदैन ।

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	औद्यौगिक क्षेत्र व्यवस्थान लि.को अभिलेख अनुसार	फरक रकम
00	00	नभएको

३.11 नेशनल कन्स्ट्रक्शन कम्पनी नेपाल लि.

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	नेशनल कन्स्ट्रक्शन कम्पनी नेपाल लि.को अभिलेख अनुसार	फरक रकम
रु.6,21,00,०००।-	00	रु.6,21,00,०००।-

फरक पर्नुको कारणः

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१/०४/२२ को निर्णय वमोजिम नेशनल कन्स्ट्रक्शन कम्पनी नेपाल लि. खारेज गर्ने तथा उक्त कम्पनीमा रहेको सबै चल अचल सम्पत्ति तथा दायित्व भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा हस्तान्तरण गर्ने निर्णय भएको प्रतिलिपि प्राप्त भएको । हाल उक्त संस्थान खारेज भइ सकेकोमा तालुक मन्त्रालयसँग लिक्विडेटरको प्रतिवेदन माग गरिएकोमा हाल सम्म प्राप्त हुन नसकेको ।

सुझावः

खारेजीको निर्णय भइ सकेको संस्थानको सबै चल अचल सम्पत्ति तथा दायित्व भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा हस्तान्तरण गर्ने निर्णय भएकोमा मन्त्रालयबाट शेयर लगत कट्टा सम्वन्धि आवश्यक निर्णय गराई वा लिक्वीडेटरको प्रतिवेदन अनुसार सो रकम रु.6,21,00,०००।-फरफारक गरि महालेखा नियन्त्रक कार्यालयको अभिलेखसँग अद्यावधिक गर्नु पर्ने देखिन्छ।

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयकोअभिलेख वमोजिम	नेशनल कन्स्ट्रक्शन कम्पनी नेपाल लि.को अभिलेख अनुसार	फरक रकम
रु.1,16,00,०००।-	00	रु.1,16,00,०००।-

फरक पर्नुको कारणः

माथि शेयर लगानी तर्फ उल्लेख भए जस्तै नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१/०४/२२ को निर्णय वमोजिम नेशनल कन्स्ट्रक्शन कम्पनी नेपाल लि. खारेज गर्ने तथा उक्त कम्पनीमा रहेको सबै चल अचल सम्पत्ति तथा दायित्व भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा हस्तान्तरण गर्ने निर्णय भएको प्रतिलिपि प्राप्त भएको । हाल उक्त संस्थान खारेज भइ सकेकोमा तालुक मन्त्रालयसँग लिक्विडेटरको प्रतिवेदन माग गरिएकोमा हाल सम्म प्राप्त हुन नसकेको ।

सुझावः

खारेजीको निर्णय भइसकेको संस्थानको सबै चल अचल सम्पत्ति तथा दायित्व भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा हस्तान्तरण गर्ने निर्णय भएकोमा मन्त्रालयबाट ऋण लगानीको लगत कट्टा सम्वन्धि आवश्यक निर्णय गराई वा लिक्वीडेटरको प्रतिवेदन अनुसार सो रकम रु.1,16,00,०००।०० फर फारक गरि महालेखा नियन्त्रक कार्यालयको अभिलेखसँग अद्यावधिक गर्नु पर्ने देखिन्छ ।

३.12 नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि.

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि.को अभिलेख अनुसार	फरक रकम
रु.1,22,00,000।-	रु.1,22,00,000।-	फरक नभएको

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि.को अभिलेख अनुसार	फरक रकम
रु.12,01,00,000।-	00	रु.12,01,00,000।-

फरक पर्नुको कारणः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार नेपाल सरकारको तर्फबाट ऋण लगानी भएको भनि रु.12,01,00,000।- प्रतिवेदन भएकोमा सम्वन्धित संस्थानले उक्त रकम नेपाल सरकारलाई तिरी सकेको भनि प्रतिवेदन गरेको पाईयो ।सम्वन्धित कम्पनी लि.बाट प्राप्त विवरण अनुसार तपसिल बमोजिमको रकम नेपाल सरकारको खातामा जम्मा गरी ऋण चुक्ता गरी सकेको भनि भौचरको प्रतिलिपि सहित पेश हुन आएको देखिन्छ ।

सि.नं.	दाखिला मिति	रकम रु.
१.	2074।09।04	4,00,00,000।-
2.	2074।09।04	4,85,00,000।-
3.	2074।10।11	3,00,00,000।-
4.	2075।03।25	8,00,000।-
5.	2075।05।25	8,00,000।-
जम्मा		12,01,00,000।-

साथै महालेखा नियन्त्रक कार्यालयको च.नं. 78, मिति 2074/11/10 को ऋण चुक्ता सम्बन्धी पत्रबाट समेत रु.11,८५,००,०००।- ऋण चुक्ता भएको व्यहोरा उल्लेख भएको देखिन्छ । बाँकी सावा, व्याज समेत गरी मिति 2075/०3/25 मा रु. 8,00,000।०० र आ.ब. 2075/०76 मा रु. 8,00,000।०० समेत गरी कुल रु.१६,00,000।०० प्रस्तुत भौचरबाट चुक्ता भैसकेको देखिन्छ ।

सुझावः

प्राप्त अभिलेखको आधारमा नेपाल सरकारको ऋण लगानी चुक्ता भैसकेको देखिँदा महालेखा नियन्त्रक कार्यालयबाट उक्त भौचरहरु भिडान गरि रु. 12,01,00,000।- आफ्नो अभिलेखमा अद्यावधिक गर्नुपर्ने देखिएकोमा आ. ब .०७५/०७६ को सार्वजनिक संस्थानहरुको वार्षिक स्थिति समिक्षा, 2076मा समायोजन गरि सकेकोले थप केही कारवाही गर्नु पर्ने देखिएन ।

३.13 नेपाल ईन्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लि.

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	नेपाल ईन्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लि.को अभिलेख अनुसार	फरक रकम
रु.38,00,०००।-	00	रु.38,00,०००।-

फरक पर्नुको कारणः

हाल नेपाल ईन्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लि.खारेज भई सबै चल अचल सम्पत्ति तथा दायित्व भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा हस्तान्तरण भएको भन्ने वुझिन आएको। सो सम्वन्धि कागजात भौतिक योजना तथा यातायात व्यवस्था मन्त्रालयबाट माग गरिएकोमा हाल सम्म प्राप्त हुन नसकेको ।

सुझावः

खारेजीको निर्णय भइ सकेको संस्थानको सबै चल अचल सम्पत्ति तथा दायित्व भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा हस्तान्तरण गर्ने निर्णय भएको भए मन्त्रालयबाट शेयर लगत कट्टा सम्वन्धि आवश्यक निर्णय गराई वा लिक्वीडेटरको प्रतिवेदन अनुसार सो रकम रु.38,00,०००।-फरफारक गरि महालेखा नियन्त्रक कार्यालयको अभिलेखसँग अद्यावधिक गर्नु पर्ने देखिन्छ ।

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	नेपाल ईन्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लि.को अभिलेख अनुसार	फरक रकम
00	00	नभएको

३.14 नेपाल वायुसेवा निगम

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	नेपाल वायुसेवा निगमको अभिलेख अनुसार	फरक रकम
रु.37,93,00,०००।-	रु.१६,23,00,०००।-	रु.21,70,00,०००।-

फरक पर्नुको कारणः

नेपाल वायु सेवा निगमको हालको अधिकृत पुँजी रु.35 करोडमात्र रहेको र नेपाल सरकारको शेयर तर्फ लगानी रु.37 करोड 93 लाख भएता पनि उक्त सबै रकम शेयर तर्फ उल्लेख गर्दा अधिकृत पुँजी भन्दा वढि हुने भएकोले रु.16 करोड २३ लाखमात्र शेयर तर्फ देखाइ बाँकी रकम रु.21 करोड 70 लाख नेपाल सरकारको लगानी भनि वित्तीय प्रतिवेदनमा देखाइएको अवस्था रहेको देखियो ।

सुझावः

नेपाल बायु सेवा निगमले यथासिघ्र अधिकृत पुँजी वृद्धि सम्वन्धि नेपाल सरकारबाट आवश्यक निर्णय गराई नेपाल सरकारको शेयर पुँजी रकममा उक्त रु. २१ करोड ७० लाख समेत थप गरी नेपाल सरकारको शेयर रकम कायम गर्नु पर्ने देखिन्छ ।

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	नेपाल वायुसेवा निगमको अभिलेख अनुसार	फरक रकम
रु.59,58,00,०००।-	00	रु.59,58,00,०००।-

फरक पर्नुको कारणः

नेपाल वायुसेवा निगमबाट प्राप्त जानकारी अनुसार आ.व. 2073/074 को सार्वजनिक संस्थान स्थिति समीक्षा, 2074 मा प्रतिवेदनको क्रममा यो वर्षको ऋण लगानी भनिएको रकम शुन्य रकम राखी प्रतिवेदन गर्दा उक्त रकम फरक पर्न गएको वुझियो । हाल नेपाल वायुसेवा निगमको अभिलेखमा समेत रु.58 करोड 93 लाख २६ हजार ऋण कायम गरी सकिएको पत्र प्राप्त हुन आएको छ ।उल्लेखित रकम हिसाब मिलान पश्चात बाँकी रहने रु.64 लाख ७३ हजारको हिसाव फरक पर्नुको कारण यकिन गर्नु पर्ने देखिन्छ ।

सुझाव:

नेपाल वायु सेवा निगमले रु.58,93,२६,८९६।०० ऋण कायम गरिसकेको भनि पत्र प्राप्त हुन आएकोले अब महालेखा नियन्त्रक कार्यालयको अभिलेख सँग भिडान हुन बाँकी रकम रु.64,७३,३८५।८९ का सम्वन्धमा मात्र सम्वन्धित संस्थानले अभिलेख अद्यावधिक गर्नु पर्ने देखिन्छ ।

३.15 नेपाल नागरिक उड्डयन प्राधिकरण

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	नेपाल नागरिक उड्डयन प्राधिकरणको अभिलेख अनुसार	फरक रकम
रु.28,65,49,00,०००।-	रु.25,48,97,00,०००।-	रु.3,16,52,00,०००।-

फरक पर्नुको कारणः

नेपाल नागरिक उडड्यन प्राधिकरणले पेश गरेको विवरण अनुसार मिति २०७३/०३/२५ महालेखा नियन्त्रक कार्यालय र नेपाल नागरिक उडड्यन प्राधिकरणको संयुक्त समितिले दिएको प्रतिवेदन अनुसार हिसाव मिलान पछि कायम हुने शेयर लगानी रकम रु.१७,७३,८९,२३,६९१।७८ हुन आउने।सो समितिको हिसाव मिलान कार्यान्वयनको लागि प्रतिवेदन नेपाल सरकार मन्त्रिपरिषदको बैठकमा पेश भएको र नेपाल सरकारबाट मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने निर्णय भएको भनि जानकारी प्राप्त भएको ।

सुझावः

नेपाल सरकार मन्त्रिपरिषद् बाट स्वीकृत भई आए पछि सोही वमोजिम हुने गरी हाल लाई फरक परेको रकम महालेखा नियन्त्रक कार्यालयको अभिलेखको आधारमा नेपाल नागरिक उड्यन प्राधिकरणले अभिलेख अद्यावधिक गर्नु पर्ने देखिन्छ ।

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	नेपाल नागरिक उड्डयन प्राधिकरणको अभिलेख अनुसार	फरक रकम
रु.1,49,88,00,०००।-	रु.5,72,42,00,000।-	रु.४,22,54,00,०००।-

फरक पर्नुको कारणः

नेपाल नागरिक उडड्यन प्राधिकरणले पेश गरेको विवरण अनुसार मिति २०७३/0३/२५ महालेखा नियन्त्रक कार्यालय र नेपाल नेपाल नागरिक उडड्यन प्राधिकरणको सयुक्त समितिले दिएको प्रतिवेदन अनुसार हिसाव मिलान पछि कायम हुने ऋण लगानी रकम रु.९०,७७,१७,८१६.४२ हुन आउने ।सो समितिको हिसाव मिलान कार्यान्वयनको लागि प्रतिवेदन नेपाल सरकार मन्त्रिपरिषदको बैठकमा पेश भएको र नेपाल सरकारबाट मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने निर्णय भएको भनि जानकारी प्राप्त हुन आएको ।थप पुष्टयाई सम्वन्धी कागजात पेश हुन आएन ।

सुझावः

महालेखा नियन्त्रक कार्यालयको अभिलेखमा नेपाल नागरिक उड्ययन प्राधिकरणको अन्तिम लेखा परिक्षण प्रतिवेदन समेतको प्रतिवेदनको आधारमा ऋण तर्फको अभिलेख अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

३.16 जनक शिक्षा सामग्री केन्द्र लि.

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	जनक शिक्षा सामग्री केन्द्र लि.को अभिलेख अनुसार	फरक रकम
रु.45,64,00,000।-	रु.45,00,00,000।-	रु.64,00,000।-

फरक पर्नुको कारणः

कम्पनी रजिष्ट्रार कार्यालयको मिति 2075/9/20, च.नं. 21644 को पत्रानुसार जनक शिक्षा सामाग्रीको साविक कुल जारी पुँजी रु. ४५ करोड रहेकोमा मिति 2075/8/27 को निर्णयानुसार जारी पुँजी रु.63,80,625।-वृद्धि गरी जम्मा जारी पुँजी रु. ४५,63,80,625।-कायम गरेको देखिन्छ । उक्त लिमिटेडको कुल जारी पुँजी नै नेपाल सरकारको शतप्रतिशत शेयर लगानीको रुपमा रहेको देखिन्छ ।जनक शिक्षा सामग्री केन्द्र लिमिटेड बाट आ.ब. 2074/075को बासलातमा जारी पुँजीतर्फ रु. 45,63,80,625।- कायम भैसकेको देखिएको र महालेखा नियन्त्रक कार्यालयबाट प्रतिवेदन हुँदा रु. 45,64,00,000।- देखिएता पनि हिसावमा शुन्यान्तरले गर्दा मात्र फरक परेको अवस्था देखिन्छ ।

सुझावः

जनक शिक्षा सामग्री केन्द्र लि.को सार्वजनिक संस्थान वार्षिक स्थिति समीक्षा, 2075 को प्रतिवेदन अवधि भन्दा पछि जारी पुँजीमा वृद्धि गरिएको र खुद जारी पुँजीतर्फ रु. 45,63,80,625।०० भएता पनि शुन्यान्तर गर्दा रु.64,००,०००।००हुन गएता पनि हाल सार्वजनिक संस्थान वार्षिक स्थिति समीक्षा, 2076 मा समायोजन भई हिसाब भिडान भै सकेकोले थप केही कारवाही गर्नु पर्ने देखिएन ।

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	जनक शिक्षा सामग्री केन्द्र लि.को अभिलेख अनुसार	फरक रकम
रु.82,00,000।-	रु.82,00,000।-	नभएको

३.17 नेपाल खानेपानी संस्थान

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	नेपाल खानेपानी संस्थान को अभिलेख अनुसार	फरक रकम
रु.34,76,00,०००।-	रु.34,76,00,०००।-	नभएको

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	नेपाल खानेपानी संस्थान को अभिलेख अनुसार	फरक रकम
रु.5,89,44,00,०००।-	रु.3,73,65,00,000।-	रु.2,15,79,00,०००।-

फरक पर्नुको कारणः

- महालेखा नियन्त्रक कार्यालय, लगानी शाखा र खानेपानी संस्थान वीच शेयर तथा ऋण लगानी सम्वन्धमा हिसाव भिडानका लागि अध्ययन गरी मिति 2074/3/23 मा पेश गरेको प्रतिवेदन वमोजिम महालेखा नियन्त्रक कार्यालय र नेपाल खानेपानी संस्थान विच आन्तरिक स्रोत तर्फको ऋण लगानी रकम रु. 2,12,56,05,516।०० आ.ब 2072/073 सम्मको लगानी रहेको देखिन्छ। सोही प्रतिबेदन बमोजिम महालेखा नियन्त्रक कार्यालय र खानेपानी संस्थान दुवै तर्फ विभिन्न रकम समायोजन गर्दा हिसाव फरक नपरेको हुँदा केही गर्नु नपर्ने भनि उल्लेख भएको।
- आर्थिक वर्ष 073/074 मा महालेखा नियन्त्रक कार्यालयको भन्दा नेपाल खानेपानी संस्थानको प्रतिवेदनमा रु. 2 अर्व 15 करोड 79 लाख घटी देखिएको हुँदा अघिल्लो आर्थिक वर्षकै रकम अद्यावधिक गर्दा फरक पर्न गएको वा थप ऋण लगानी भएको हो यकिन गर्न सकिएन ।

सुझावः

- महालेखा नियन्त्रक कार्यालय, लगानी शाखा र खानेपानी संस्थान वीच शेयर तथा ऋण लगानी सम्वन्धमा हिसाव भिडानका लागि अध्ययन गरी मिति 2074/3/23 मा पेश गरेको प्रतिवेदन वमोजिम नेपाल खानेपानी संस्थानमा भएको ऋण लगानी रकम रु. 2,12,56,05,516।०० आर्थिक वर्ष 2072/073 सम्मको आफ्नो अभिलेखमा अद्यावधिक गर्नु पर्ने देखिन्छ ।
- महालेखा नियन्त्रक कार्यालय, लगानी शाखा र खानेपानी संस्थान वीच शेयर तथा ऋण लगानीको फरक हिसाब भिडान सम्वन्धमा पुनः समिति गठन भई अध्ययन भइरहेकोले सो समितिको प्रतिवेदन समेतका आधारमा थप हिसाव मिलान गर्नुपर्ने देखिन्छ ।

३.18 नेपाल विद्युत प्राधिकरण

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	नेपाल विद्युत प्राधिकरणको अभिलेख अनुसार	फरक रकम
रु.72,50,65,00,०००।-	रु.82,51,27,00,०००।-	रु.10,00,62,00,०००।-

फरक पर्नुको कारणः

नेपाल विद्युत प्राधिकरण अन्तर्गतका विभिन्न आयोजनाहरुको शेयर लगानी तर्फको हिसाब महालेखा नियन्त्रक कार्यालयको अभिलेखमा नेपाल विद्युत प्राधिकरणको अभिलेख भन्दा रु. १० अर्ब ६२ लाख कम रकम लेखांकन भएको देखियो ।सो मध्ये समितिले निम्न वमोजिमको हिसाब अध्ययनको क्रममा महालेखा नियन्त्रक कार्यालयको अभिलेखमा भिडान गरी अद्यावधिक गर्नु पर्ने अवस्था देखिन आयो ।

- **कैलाली कन्चनपुर ग्रामीण विद्युतीकरण आयोजना सम्वन्धमा**: नेपाल सरकार(मन्त्रिपरिषद्) को मिति २०६५/०३/२० को निर्णयानुसार कैलाली कन्चनपुर ग्रामीण विद्युतीकरण आयोजनाको उच्च भोल्टेज संरचनामा खर्च भएको रकम रु. ४१,३९,१७,१०६।१६ शेयरमा लगानी गर्ने भनि उल्लेख गरेकाले सोही आधारमा महालेखा नियन्त्रक कार्यालयबाट शेयर तर्फको अभिलेख अद्यावधिक गरेको देखिएन ।
- **निर्माण अवधिको व्याज रकम (IDC) लाई शेयरमा परिवर्तन गर्ने सम्वन्धमा**: नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६८/०९/१२ को निर्णयानुसार निर्माणाधीन आयोजनामा नेपाल सरकारले गरेको ऋण लगानीको आर्थिक वर्ष ०६७/०६८ सम्मको वक्यौता व्याज रकम रु. १०,३३,२४,०२,२२६।६२ लाई इक्विटिमा परिवर्तन गर्ने भन्ने निर्णय वमोजिम महालेखा नियन्त्रक कार्यालयको शेयर तर्फको अभिलेखमा अद्यावधिक नभएको ।

- **<u>टनकपुर परियोजनाबाट प्राप्त नि:शुल्क विद्युत रकम शेयरमा परिवर्तन सम्वन्धमा:</u>** नेपाल सरकारलाई प्राप्त भएको नि:शुल्क विद्युत निर्धारित दर रेट अनुसार नेपाल विद्युत प्राधिकरणले खरिद गरेकोले सो वापत आ.ब. ०७२/०७३ भुक्तानी गर्न बाँकी रकम रु. २ अर्ब ९५ करोड शेयर पुँजी कायम गर्ने भन्ने मन्त्रिपरिषद्को मिति २०७४/०२/०९ को निर्णय वमोजिम महालेखा नियन्त्रक कार्यालयले शेयर तर्फको अभिलेख अद्यावधिक नभएको कारणबाट हिसाब भिडान नभएको ।
- **<u>भार संप्रेषण केन्द्र (Load Dispatch Centre) र मध्य मर्स्याङ्गदी जल विद्युत आयोजना सम्वन्धमा</u>:** मिति २०७४/०२/०९को मन्त्रिपरिषद्को निर्णयानुसार जर्मन सरकारबाट प्राप्त अनुदान रकम क्रमश: रु.१,४२,०९,७०,९०८।२६ र रु.१३,२०,३८,४३,८६७।३५ समेत गरी जम्मा रु.१४,६२,४८,१४,७७५।६१ वैदेशिक अनुदान सहायतालाई शेयर लगानीको रुपमा कायम गर्न स्वीकृति दिने निर्णय भएकोले उक्त रकम शेयर लगानी तर्फ राखी हिसाव समायोजन भएको देखिएन।
- **<u>ग्रामीण विद्युतीकरण आयोजना सम्वन्धमा :</u>** नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४/०2/०९ निर्णय अनुसार ग्रामीण विद्युतीकरणबाट प्राधिकरणलाई व्यवसायिक रुपमा कुनै फाइदा नहुने र नेपाल सरकारको दायित्व समेत भएको हुँदा नेपाल सरकारवाट ग्रामीण विद्युतीकरणका लागी दिइने ऋण रकम रु.५,५७,७८,७९,१५९।१५ लाई शेयरमा लगानी गर्ने भनि भएको निर्णयको आधारमा महालेखा नियन्त्रक कार्यालयबाट शेयर तर्फको अभिलेख अद्यावधिक नभएको कारणबाट हिसाब फरक पर्न गएको देखियो ।
- **<u>अपलेखन सम्वन्धमा :</u>**नेपाल विद्युत प्राधिकरणको आ.ब 2067/68 को संचित नोक्सानी रु.27 अर्ब ५३ करोड पुगेकोमा विद्युत महशुल दर वढाएर र खर्च घटाएर पनि यति ठुलो रकम रिकभर गर्न सकिने सम्भावना न्युन भएकोले स्वीकृत लेखाको सिद्दान्त भित्र रहेर आर्थिक पुन: संरचना गर्न उर्जा मन्त्रालयको नं. २ क/29-68/9/13 को प्रस्ताव म.प. वै.स. 58/068 मिति

2068/०9/18 को निर्णयबाट स्वीकृत भई प्रस्तावमा लेखिए वमोजिम गर्ने भनि म.प. वैठक बाट निर्णय भएको देखिन्छ।

यसरी नेपाल विद्युत प्राधिकरणबाट उक्त रकम नेपाल सरकारको शेयर लगानी तर्फ घटाई एक तर्फि रुपमा नेपाल सरकारको शेयर रकम कायम गरेको तर महालेखा नियन्त्रक कार्यालयमा सो को जानकारी र हिसाव अद्यावधिक नगराउँदा फरक परेको देखिन्छ ।

सुझाव:

- हिसाब फरक पर्नुका माथि उल्लेखित कारणहरुबाट हालसम्मको फरक रकम रु.१०अर्ब ६२ लाखमा समायोजन गर्दा अब बाँकी फरक हिसाब रु. ३,६४,७१,८६,७३३।०० रहने देखिन्छ ।

१.२०७४ सम्मको प्रतिवेदनमा शेयर लगानी तर्फ फरक रकम

बिबरण	रकम रु.
शेयर लगानी तर्फ ०७४ सम्म फरक रकम	10,00,62,00,०००।-

२. महालेखा नियन्त्रक कार्यालयको अभिलेखमा थप गर्नुपर्ने

आयोजनाको नाम	रकम रु.
कैलाली कञ्चनपुर ग्रामिण विद्युतिकरण	४१,३९,१७,१०६।१६
निर्माण अवधिको व्याज रकम (IDC)लाई शेयरमा परिवर्तन	१०,३२,२४,०२,२२६।६२
टनकपुर परियोजना	२,९५,००,००,०००।००
LDC र मध्य मर्स्याङ्गदी जलविद्युत आयोजना	१४,६२,४८,१४,७७५।६१
ग्रामीण विद्युतीकरण आयोजना	५,५७,७८,७९,१५९।१५
जम्मा	३३,८८,९०,१३,२६७।५४

३. महालेखा नियन्त्रक कार्यालयको अभिलेखमा घटाउनु पर्ने

बिबरण	रकम रु.
संचित नोक्सानी अपलेखन	२७,५३,००,००,०००।००

४. शेयर लगानी तर्फ बाँकी रहने फरक रकम

बिबरण	रकम रु.

उपरोक्त बमोजिम समयोजन गर्दा भिडान हुन बाँकी रहने रकम	३,६४,७१,८६,७३३।००

- अब हिसाब मिलान गर्न बाँकी रहने रु.३,६४,७१,८६,७३३।०० का सम्वन्धमा प्राधिकरणको आयोजनागत हिसाब र महालेखा नियन्त्रक कार्यालयको अभिलेख समेतलाई पुन: उक्त दुवै निकाय समेतको प्रतिनिधित्व हुने गरी थप अध्ययन गर्नु पर्ने देखिन्छ ।

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	नेपाल विद्युत प्राधिकरणको अभिलेख अनुसार	फरक रकम
रु.1,32,73,94,00,०००।-	रु.1,10,60,41,00,000।-	रु.22,13,52,00,०००।-

फरक पर्नुको कारणः

- **<u>चमेलिया जलबिद्युततर्फः</u>** नेपाल सरकार र EXIM BANK OF KOREA बिच भएको सम्झौता वमोजिम सो आयोजनाको लागि प्राप्त ऋण अमेरिकी डलरमा प्राप्त भई सोही अनुसार खर्च हुने तथा Repayment गर्दा Korean won मा समेत गर्नु पर्ने गरी सम्झौता भएको देखिन्छ । नेपाल सरकार र नेपाल बिद्युत प्राधिकरण/चमेलिया जलबिद्युत आयोजना संग (SLA) सहायक ऋण सम्झौता हुदाँ आयोजना कार्यान्वयनको लागि EXIM BANK OF KOREA ले ऋण स्वरुप उपलब्ध गराउने US डलर ४ करोड ५० लाख बराबर रकम नेपाल सरकारले नेपाली मुद्रामा उपलब्ध गराउने, जति रकम उपलब्ध गराएको हुन्छ सोही मितिको प्रचलित विनिमय दर वमोजिम कायम हुने नेपाली रुपैयाँनेपाल सरकारले प्राधिकरणलाई ऋणको रुपमा उपलब्ध गराएको मानिने व्यवस्था रहेको छ ।

  सम्झौतामा विदेशी विनिमय मुद्रा दर परिवर्तन वाट हुन सक्ने जोखिम नेपाल सरकारले वेहोर्ने छ भनिप्रस्ट उल्लेख गरेको देखिन्छ । यसरी उक्त ऋणको

Repayment गर्दा Korean Won मा भुक्तानी गर्नु पर्दा संलग्न DisbursementStatementबमोजिम रु.2,90,07,86,693।44 रकम फरक पर्न गएको देखिन्छ । नेपाल विद्युत प्राधिकरणको कार्य उक्त फरक परेको रकम Exchange Loss को कारण वाट फरक पर्न गएको भनि उक्त रकम नेपाल सरकारले ब्यहोर्ने गरी पेश भएको र अर्थ मन्त्रालय वाट मिति २०७४/१२/२० च.नं. ३३६ को पत्र अनुसार नेपाल सरकारले विदेशी दातृ निकाय संग ऋण र अनुदानमा सहयोग लिदा उक्त दातृ निकाय लाई तिर्नु बुझाउनु पर्ने रकम दातृ निकाय र नेपाल सरकार बिच भएको मूल सम्झौता बमोजिमको दायित्व अभिलेखाङ्कन महालेखा नियन्त्रक कार्यालय बाट हुने व्यवस्था तथा यस्ता रकम नेपाल सरकारले कुनै संस्थानमा लगानी गरेको खण्डमा नेपाल सरकार र सम्वन्धित संस्थान वीच भएको सहायक ऋण सम्झौताका शर्त वमोजिम तिर्नु बुझाउनु पर्ने रकम दायित्व एकिन गरी महालेखा नियन्त्रक कार्यालयले हिसाब रेकर्ड राखी सम्बन्धित संस्थानसँगको अभिलेखाङ्कन फरक परेकोमा सो समेत यसै वमोजिम हिसाव मिलान गर्ने भनि निर्णय भएको देखिन्छ । साथै चमेलिया जलबिद्युत आयोजनाले शुरु मिति देखि विल विजकहरु (भुक्तानी मिती समेत खुलाई) महालेखा नियन्त्रक कार्यालयमा उपलब्ध गराउने र महालेखा नियन्त्रक कार्यालयले ऋण लगानीको हिसाव नेपाल बिद्युत प्राधिकरणसँग (चमेलियाको) हिसाव मिलान हुने गरी अमेरिकी डलरमा समेत राख्ने गरी निर्देशन दिएको देखिन्छ ।यसरी अर्थ मन्त्रालयको निर्णय वमोजिम महालेखा नियन्त्रक कार्यालयबाट समेत आफ्नो अभिलेखमा अद्यावधिक नगरेको कारण रु.2,90,07,86,693।44 फरक पर्न गएको देखिन्छ ।

- ऋण लगानी तर्फ महालेखा नियन्त्रक कार्यालयको अभिलेखसँग नेपाल विद्युत प्राधिकरणको अभिलेख अद्यावधिक नहुँदा रु. १९,२३,४४,१३,३०६।५६ फरक पर्ने देखिन्छ । सो के कारणले फरक पर्न गएको हो ? भन्ने सम्वन्धमा समयाभावले गर्दा थप अध्ययन नगरी यकिन गर्न सकिएन।

सुझाव :

- अर्थ मन्त्रालयको माथि उल्लेखित निर्देशन वमोजिम महालेखा नियन्त्रक कार्यालयबाट रु.२,९०,०७,८६,६९3.४४ अभिलेख अद्यावधिक गर्नु पर्ने देखिन्छ ।

- माथि उल्लेखित सुझाव कार्यान्वयन पश्चात भिडान हुन बाँकी ऋण लगानी रकम रु. १९,२३,४४,१३,३०६।५६ का सम्बन्धमा नेपाल सरकारबाट सार्वजनिक संस्थानहरुमा गरिएको ऋण लगानी मध्ये नेपाल विद्युत प्राधिकरणको हिस्सा सबै भन्दा ठूलो रहेको र तोकिएको समयमा विभिन्न संस्थानहरुको एकै पटक फरक हिसाब भिडान गर्दा नेपाल विद्युत प्राधिकरणमा रहेका विभिन्न आयोजनाहरुको हिसाब फरक पर्नुको थप कारण पहिचान गर्न थप अध्ययन गर्नुपर्ने देखियो ।अत: प्राधिकरणको आयोजनागत हिसाब र महालेखा नियन्त्रक कार्यालयको अभिलेख वमोजिमको हिसाब भिडान गर्न उक्त दुवै निकाय समेतको प्रतिनिधित्व हुने गरी थप अध्ययन गर्दा हिसाब भिडान कार्य प्रभावकारी हुने देखिन्छ ।

३.19 नेपाल दूरसञ्चार कम्पनी लि.

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	नेपाल दूरसञ्चार कम्पनी लि. को अभिलेख अनुसार	फरक रकम
रु.13,72,42,00,०००।-	रु.13,72,40,00,०००।-	रु.2,00,०००।-

फरक पर्नुको कारणः

महालेखा नियन्त्रक कार्यालयले आफ्नो अभिलेखमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले उपलव्ध गराएको अभिलेखको आधारमा शेयर रकम अद्यावधिक गरेको तर नेपाल दुर संचार कम्पनी लि. बाट रु २ लाख कम रकम उल्लेख गरी प्रतिवेदन गर्दा फरक पर्न गएको देखिन्छ ।

सुझावः

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले शेयर लगानी तर्फ फरक परेको रु. 2,००,०००।०० महालेखा लेखा नियन्त्रक कार्यालयको अभिलेख सँग अद्यावधिक गरी हिसाब मिलान गर्नु पर्ने देखिन्छ ।

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	नेपाल दूरसञ्चार कम्पनी लि. को अभिलेख अनुसार	फरक रकम
रु.90,65,00,०००।-	00	रु.90,65,00,०००।-

फरक पर्नुको कारणः

नेपाल दुरसंचार कम्पनीले नेपाल सरकारबाटविभिन्न मितिमा लिएको ऋण तपशील वमोजिम विभिन्न मितिमावैंक दाखिला गरेको प्रतिलिपी भौचर पेश गरेको तर महालेखा नियन्त्रक कार्यालयबाटहाल सम्म रु. ७० करोड ३० लाख 12 हजार 865 अभिलेख अद्यावधिक नभएको कारणबाट हिसाब फरक पर्न गएको अवस्था देखियो ।

सि.नं.	दाखिला मिति	भौचर नं.	रकम
१	२०६०/०१/१८	८५००३४	३०,०१,१६,१९०।२५
२	२०६०/०५/३१	१०८०८२७	६,१२,९०,३१३।४६
३	२०६०/०७/१७	१०८३००२	१७,४२,१३,७२१।८४
४	२०६०/१२/२५	१०८३००५	८,८८,२९,५४३।०६
५	२०६१/०७/१६	१०८३०२३	१,१५,६२,४७९।७३
६	२०६२/०१/१८	-	४,११,६६,६०७।४७
७	२०६३/०१/१९	-	२,५८,३४,००९।३१
जम्मा			७०,३०,१२,८६५।१२

साथै बाँकी रकम रु.20 करोड 34 लाख 87 हजार 135 का सम्वन्धमा थप प्रमाण प्राप्त हुन सकेन ।

सुझावः

- *नेपाल दुरसंचार कम्पनीले विभिन्न मितिमा चुक्ता गरेको ऋण रकम वैंक दाखिला भौचर भिडान गरी महालेखा नियन्त्रक कार्यालयले यकिन गरी रु. ७०,३०,12,865।००हिसाब अद्यावधिक गर्नुपर्ने देखिन्छ ।*

- *अव हिसाब भिडान हुन वाँकी रकम रु.20 करोड 34 लाख 87 हजार 135 का सम्वन्धमा महालेखा नियन्त्रक कार्यालयमा रहेको अभिलेखमा समेत पुनः यकिन गरीनेपाल दुर संचार कम्पनीबाट ऋण चुक्ता गरि सकेको भए सो को प्रमाण पेश गरीमहालेखा नियन्त्रक कार्यालयको हिसाबसँग आफ्नो अभिलेख अद्यावधिक गरी हिसाब भिडान गर्नु पर्ने देखिन्छ ।*

३.20 विद्युत उत्पादन कम्पनी लि.

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	विद्युत उत्पादन कम्पनी लि.को अभिलेख अनुसार	फरक रकम
रु.1,01,00,00,०००।-	रु.99,00,00,०००।-	रु.2,00,00,०००।-

फरक पर्नुको कारणः

विद्युत उत्पादन कम्पनी लिमिटेडले आ.व. 073/074मा नेपाल सरकारबाट शेयर लगानी भएको रु.1,01,00,00,000।- मध्ये वित्तिय विवरणमा रु. ९९ करोडउर्जामन्त्रालय, अर्थ मन्त्रालय, कानून न्याय तथा संसदिय व्यवस्था मन्त्रालयको नाममा शेयर कायम गरि रु.२ करोड नेपाल सरकारको नाममा तिर्नु पर्ने दायित्वको रुपमा देखाएको कारणबाट फरक पर्न गएको देखिन्छ।

सिफारिसः

विद्युत उत्पादन कम्पनी लिमिटेडको मिति 2076/1/11, च.नं. 250को पत्रबाट आ.ब. ०७३/०७४मा फरक परेको रकम समेत सार्वजनिक संस्थानको वार्षिक स्थिति समिक्षा, २०७६मा समायोजन भई हिसाव भिडान भैसकेकोले उक्त रकमरु.२,००,००,०००।००का सम्वन्धमा थप कारवाही गर्नु पर्ने अवस्था देखिएन।

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	विद्युत उत्पादन कम्पनी लि.को अभिलेख अनुसार	फरक रकम
00	00	नभएको

३.21 कृषि विकास बैंक लि.

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	कृषि विकास बैंक लि.को अभिलेख अनुसार	फरक रकम
रु.8,13,98,00,०००।-	रु.9,04,74,00,०००।-	रु.90,76,00,०००।-

फरक पर्नुको कारणः

कृषि विकास वैंकको चुक्ता पुँजी अन्तर्गत रु.5,43,27,12,000।-को नन्क्युमिलेटिभ इरिडिमेवल प्रिफरेन्स शेयर र नेपाल सरकारको 51% शेयर रु.३,६१,47,16,800।-समेत गरी जम्मा रु.9,04,74,28,800।-कृषि विकास वैंकले वित्तिय विवरणमा समावेश गरी प्रतिवेदन गरेको तर महालेखा नियन्त्रक कार्यालयको अभिलेखमा उक्त फरक रकम रु.90,76,00,०००।-अद्यावधिक भएको देखिदैन ।

सिफारिसः

कृषि विकास वैंकको एघारौं वार्षिक साधारण सभाबाट पारित आ.ब. ०७३।०७४ को वार्षिक प्रतिवेदन समेतका आधारमा महालेखा नियन्त्रक कार्यालयले समेत आफ्नो अभिलेख अद्यावधिक गरी रु.90,76,00,०००।-थप गर्नु पर्ने देखिन्छ ।

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	कृषि विकास बैंक लि.को अभिलेख अनुसार	फरक रकम
रु.1,16,80,00,०००।-	रु.1,38,45,00,०००।-	रु.21,64,00,०००।-

फरक पर्नुको कारणः

कृषि विकास वैंकको ऋणपत्र तथा वण्ड तर्फ रु.९२,००,००,०००।- र नेपाल सरकारलाई तिर्न बाँकी कर्जा(सापटी) भनि रु.४६,४४,५८,६७२।-समेत गरी जम्मा रु.१,३८,४४,५८,६७२।- वित्तिय विवरणमा समावेश गरी प्रतिवेदन गरेको तर महालेखा नियन्त्रक कार्यालयको अभिलेखमारु.1,16,80,00,०००।-मात्र उल्लेख भएकोले रकम रु.21,64,00,०००।-फरक पर्न गएको देखिन्छ।

सुझावः

कृषि विकास वैंकको वित्तिय विवरण अनुसार महालेखा नियन्त्रक कार्यालयले समेत आफ्नो अभिलेख अद्यावधिक गरी रु.21,64,00,०००।-हिसाब अद्यावधिक गर्नु पर्ने देखिन्छ।

३.22 एन.आई.डि.सि. डेभलपमेण्ट बैंक लि.

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	एन.आई.डि.सि. डेभलपमेण्ट बैंक लि.को अभिलेख अनुसार	फरक रकम
रु.41,27,00,०००।-	रु.41,27,00,०००।-	नभएको

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	एन.आई.डि.सि. डेभलपमेण्ट बैंक लि.को अभिलेख अनुसार	फरक रकम
रु.33,49,00,०००।-	00	रु.33,49,00,०००।-

फरक पर्नुको कारण :

हाल एन.आई.डि.सि. डेभलपमेण्ट बैंक लिमिटेड राष्ट्रिय वाणिज्य वैंकमा गाभिइसकेको र एन.आई.डि.सि. डेभलपमेण्ट बैंक लिमिटेडमा नेपाल सरकारबाट भएको ऋण लगानी वापतको रु.33 करोड 49 लाख आफ्नो हिसाबमा अद्यावधिक नगरेको कारणबाट हिसाब फरक पर्न गएको देखिन्छ ।

सुझावः

राष्ट्रिय वाणिज्य वैंकबाट उक्त दुवै संस्था मर्ज हुँदा भएको Due Diligence Audit (DDA) समेत अध्ययन गरी भुक्तानी भइसकेको भए सोको प्रमाण संलग्न राखी र नभएको भए महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार आफ्नो हिसाव समेत अद्यावधिक गर्नु पर्ने देखिन्छ ।

३.23 राष्ट्रिय वाणिज्य बैंक लि.

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	राष्ट्रिय वाणिज्य बैंक लि.को अभिलेख अनुसार	फरक रकम
रु.8,58,90,00,०००।-	रु.8,58,90,00,०००।-	नभएको

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	राष्ट्रिय वाणिज्य बैंक लि.को अभिलेख अनुसार	फरक रकम
00	रु.6,00,00,०००।-	रु.6,00,00,०००।-

फरक पर्नुको कारणः

राष्ट्रिय वाणिज्य बैंकबाट प्रतिवेदन गर्दा युवा स्वरोजगार कोष तर्फबाट लगानी भएको रु. ६ करोड समेत नेपाल सरकारको श्रोत तर्फ राखी ऋण लगानी तर्फ देखाइएकोले फरक पर्न गएको अवस्था देखियो ।

सुझाव:

राष्ट्रिय वाणिज्य वैंकबाट वित्तीय प्रतिवेदनगर्दा सो रकम युवा स्वरोजगार कोष तर्फ हुनु पर्ने रकम नेपाल सरकार तर्फ प्रतिवेदन गर्दा फरक पर्न गएको देखिएको र हाल सार्वजनिक संस्थान वार्षिक स्थिति समीक्षा, 2076 मा उक्त रकम रु. 6,००,००,०००/०० को हिसाव भिडान भइसकेकोले थप कारवाही गर्नु पर्ने अवस्था देखिएन ।

३.24 नागरिक लगानी कोष

शेयर लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	नागरिक लगानी कोषकोअभिलेख अनुसार	फरक रकम
रु.4,50,00,०००।-	रु.7,40,00,00,०००।-	रु.2,90,00,०००।-

फरक पर्नुको कारण :

नागरिक लगानी कोषको अन्तिम लेखा परिक्षण सहितको वित्तिय प्रतिवेदन वमोजिम नेपाल सरकारको शेयरको रुपमा रु.७,४0,0०,०००।- र वोनस शेयर समेत समावेश भएको तर महालेखा नियन्त्रक कार्यालयले देखाएको अभिलेखमा सो कुरा समायोजन नहुंदा रु. 2,90,00,000।- फरकपर्न गएको देखिन्छ ।

सुझावः

महालेखा नियन्त्रक कार्यालयले नागरिक लगानी कोषको अन्तिम लेखा परिक्षण सहितको वित्तीय प्रतिवेदन वमोजिम वोनस शेयर सहितको फरक हिसाव रु. 2,90,00,000।-समेत थप गरि आफ्नो अभिलेखमा अद्‍यावधिक गर्नु पर्ने देखिन्छ ।

ऋण लगानी तर्फः

महालेखा नियन्त्रक कार्यालयको अभिलेख अनुसार	नागरिक लगानी कोषकोअभिलेख अनुसार	फरक रकम
00	00	नभएको

परिच्छेद ४

४. प्रतिवेदन अवधिमा हिसाब मिलान भएका, प्रक्रियामा रहेका तथा भिडान हुन वाँकी रकम :

४.१ प्रतिवेदन अवधिमा हिसाब मिलान भएका संस्थान र रकम:

शेयर लगानी तर्फ

सि.नं.	संस्थानको नाम	रकम	कैफियत
1.	जनकपुर चुरोट कारखाना लि.	3,92,००,०००।००	
2.	कृषि सामग्री कम्पनी लिमिटेड	1,००,०००।००	
3.	जनक शिक्षा सामग्री केन्द्र लिमिटेड	64,००,०००।००	
4.	औद्योगिक क्षेत्र व्यवस्थापन लि.	5,००,०००।००	
5.	दि टिम्वर कर्पोरेशन प्रा.लि.	१,००,०००।००	
6.	राष्ट्रिय वीउ विजन प्रा.लि.	84,००,०००।००	
७.	नेपाल औषधी लि.	1,००,०००।००	
८.	नागरिक लगानी कोष	२,९०,००,०००।००	
९.	विद्युत उत्पादन कम्पनी लि.	२,००,००,०००।००	
जम्मा		१०,३८,००,०००।००	

ऋण लगानी तर्फ

सि.नं.	संस्थानको नाम	रकम	कैफियत
1.	राष्ट्रिय वाणिज्य बैंक	6,००,००,०००।००	
2.	नेपाल पारवहन तथा गोदाम व्यवस्था लिमिटेड	12,०१,००,०००।००	
३.	नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि.	17,००,०००।००	
४.	नेपाल वायुसेवा निगम	५८,९३,२६,८९६।००	आंशिक
५.	नेपाल दुर संचार प्राधिकरण लि.	७०,३०,१२,८६५।१२	आंशिक
जम्मा		१,४७,४१,३९,७६१।१२	

४.२ समितिको सुझाव कार्यान्वयन भएमा हिसाब मिलान हुने संस्थान र रकम:

शेयर लगानी तर्फ

सि.नं.	संस्थानको नाम	रकम	कैफियत
1.	नेपाल दुर संचार कम्पनी	२,००,०००।००	
2.	जडिवुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड	१,५६,००,०००।००	
3.	नेपाल खाद्य संस्थान लि.	८९,००,०००।००	
४.	नेपाल वायु सेवा निगम	२१,७०,००,०००।००	
५.	नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लि.	६,२१,००,०००।००	
६.	नेपाल इन्जिनियरीङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लि.	३८,००,०००।००	
७.	कृषि विकास वैंक	९०,७६,००,०००।००	
८	नेपाल विद्युत प्राधिकरण	६,३५,९०,१३,२६७।००	
जम्मा		७,५७,४२,१३,२२७।००	

ऋण लगानी तर्फ

सि.न.	संस्थानको नाम	रकम	कैफियत
1.	कृषि विकास वैंक लिमिटेड	२१,६४,००,०००।००	
2.	उदयपुर सिमेन्ट कारखाना	48,50,००,०००।००	
3.	नेपाल खाद्य संस्थान	४२,००,०००।००	
4.	दि टिम्बर कर्पोरेशन अफ नेपाल लि.	३०,००,०००।००	
५.	एन आई डी सी डेभलपमेन्ट बैंक लि.	३३,४९,००,०००।००	
६.	नेपाल वायु सेवा निगम	64,७३,३८५।८९	
७.	नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लि.	१,१६,००,०००।००	
८.	नेपाल विद्युत प्राधिकरण	२,९०,०७,८६,६९३।४४	आंशिक
९.	नेपाल खानेपानी संस्थान	२,१२,५६,०५,५१६।००	आंशिक
जम्मा		६,०८,७९,६५,५९५।३३	

४.३ आ.ब. ०७३।०७४ सम्मको हिसाव भिडान हुनबाँकी संस्थान र रकमः

शेयर लगानी तर्फ

सि.न.	संस्थानको नाम	रकम	कैफियत
१.	नेपाल विद्युत प्राधिकरण	३,६४,७१,८६,७३३।००	
२.	नेपाल नागरिक उड्ययन प्राधिकरण	३,१६,५२,००,०००।००	
जम्मा		६,८१,२३,८६,७३३।००	

ऋण लगानी तर्फ

सि.नं.	संस्थानको नाम	रकम	कैफियत
१.	नेपाल विद्युत प्राधिकरण	१९,२३,४४,१३,३०७।००	
२.	नेपाल नागरिक उड्यन प्राधिकरण	४,२२,५४,००,०००।००	
३.	नेपाल खानेपानी संस्थान	३,२२,९४,४८४।००	
४.	नेपाल दुर संचार प्राधिकरण लि.	२०,३४,००,०००।००	
जम्मा		२३,६९,५५,०७,७९१।००	

५. सुझावहरु :

क. <u>नीतिगत सुझावहरु</u>

- सोझै भुक्तानी प्रकृया मार्फत बैदेशिक सहायताबाट प्राप्त हुने रकम सार्वजनिक संस्थानमा शेयर तथा ऋण लगानी गर्दा सोझै भुक्तानीको अभिलेखलाई सम्वन्धित संस्थानले विषयगत मन्त्रालय मार्फत महालेखा नियन्त्रक कार्यालयको अभिलेखमा अनिबार्य रुपमा अद्यावधिक गराउने व्यवस्था हुनुपर्ने देखिन्छ ।
- कम्पनी ऐन अनुसार दर्ता नभएका तर छुट्टै कानून द्वारा गठित अन्य सार्वजनिक संस्थानहरुमा नेपाल सरकारले शेयर लगानी गर्दा शेयरको हिसाब स्पष्ट देखिने गरी व्यवस्थित गर्नको लागी नेपाल सरकारको लगानी र अन्य लगानी लाई समेत देखिने गरी अभिलेख व्यवस्थित गर्न र संस्थान सम्वन्धी छाता ऐनमा समेत शेयर लगानीको हिसाब रकममा मात्र नभई शेयर संख्यामा समेत रहने गरि कानूनी व्यवस्था गर्दा साल वसाली रुपमा थप हुन आउने वोनस शेयरलाई समेत व्यवस्थित गर्न कम्पनी रजिष्ट्रर कार्यालयमा वा छुट्टै उपयुक्त निकायमा अभिलेखका लागि अनिवार्य रुपमा दर्ता हुने व्यवस्था गर्न मनासिब हुने देखिन्छ ।त्यसो गर्दा सेयरको संख्यामा एकरुपता आउने देखिन्छ ।
- नेपाल सरकारको लगानी संचरना (शेयर वा ऋण) मा परिवर्तन गर्दा अर्थ मन्त्रालय र ऋण तथा शेयर हिसाबको अभिलेख राख्ने निकायको अनिवार्य रुपमा राय लिने व्यवस्था गरिनु पर्दछ । साथै सो निर्णयको सम्वन्धित अभिलेखमा प्रविष्टि भए पछि मात्र सम्बन्धित संस्थानले कार्यान्वयन गराउने व्यवस्था गरिनु पर्दछ ।
- कुनै पनि संस्थानमा आगामी दिनमा थप ऋण तथा शेयर लगानीको निर्णय गर्दा सम्बन्धित संस्थानको ऋण तथा शेयर हिसाबको अभिलेख राख्ने निकायको हालसम्मको अभिलेखसँग भिडान भए नभएको यकिन गर्ने व्यवस्था गरिनु पर्दछ ।

- नेपाल सरकारका नाममा जारी भएका शेयर तथा बोनस शेयर प्रमाणपत्रहरु समयमानै अभिलेख राख्ने निकायमा उपलब्ध नहुँदा शेयर अभिलेख अद्यावधिक गर्ने कार्य प्रभावकारी नदेखिएकोले सम्बन्धित निकायलाई जिम्मेवार बनाई अनिवार्य रुपमा शेयर प्रमाणपत्र अध्यावधिक गर्नुपर्ने व्यवस्था मिलाउनु पर्दछ ।
- एउटै संस्थानमा पनि नेपाल सरकारको शेयर लगानी हुँदा फरक फरक निकायको नाममा शेयर स्वामित्व कायम हुँदा सम्बन्धित संस्थानले प्रतिवेदन गर्दा फरक फरक हुने अवस्था देखिएकोले कुल सरकारी शेयर नेपाल सरकारको नाममा कायम गरी वोर्डको संरचनामा परिवर्तन हुने अवस्था आएमा संस्थाको प्रकृति अनुसार प्रतिनिधित्व हुने गरी सम्वन्धित कानूनमा समेत आवश्यकता अनुसार परिमार्जन गर्ने व्यवस्था गरिनु पर्दछ ।
- शेयर अभिलेखलाई अझ व्यवस्थित गर्न अभौतिकीकरण (DMAT) प्रणाली स्थापना गरी समय समयमा थप हुने वोनस शेयर, लाभांस लगायतको हिसाव समेत स्वतः अद्यावधिक हुने व्यवस्था हुनु पर्दछ।
- नेपाल सरकारको ऋण तथा लगानी नीति वनाई मात्र सार्वजनिक संस्थानमा थप लगानी गर्ने सम्वन्धी कार्यलाई थप व्यवस्थित गरिनु पर्दछ ।
- नेपाल सरकारबाट सार्वजनिक संस्थानमा शेयर लगानी गर्दा सहायक ऋण सम्झौता गर्दाका वखत शेयर संख्या किटान गरि रकम समेत Fraction मा नगरी शुन्यान्तर (Round Figure) गरी राख्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- नेपाल सरकारको शेयर लगानी भएका सार्वजनिक संस्थानको संचित नोक्सानीलाई शेयर लगानी रकममा नै अपलेखन गर्दा यथार्थ प्रतिवेदन नहुने हुँदा शेयर मुल्यलाई Par value/Face value मा कायम गरी सो लगानीको वास्तविक शेयर मुल्य घटवढ भएपनि शेयर संख्यामा घटवढ नहुने व्यवस्थाका लागि आवश्यक अध्ययन गरि कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

ख. <u>संस्थागत सुझावहरु</u>

- नेपाल सरकारको लगानी भई हाल संचालनमा नरहेका संस्थानहरुको हिसाब फरक परेको सम्बन्धमा खारेजीको समयमा लिक्वीडेटर तोकिएको भए निजको प्रतिवेदनका आधारमा र सो नभए सम्बन्धित मन्त्रालयलाई यथासीघ्र हिसाब मिलान प्रक्रिया अगाडि बढाउन निर्देशन दिनुपर्ने देखिन्छ।
- ऋण तथा शेयर सम्बन्धी निर्णय, प्रमाणपत्र, भौचर जस्ता महत्वपूर्ण कागजात सम्वन्धित संस्थानबाट बुझाइएको भन्ने जानकारी प्राप्त हुने तर महालेखा नियन्त्रक कार्यालयमा प्राप्त नभएको अवस्थाका कारण समेत केही हिसाव फरक परेको पाइएकाले सम्बन्धित अधिकारीलाई जिम्मेवार बनाउनुपर्ने देखिन्छ ।
- नेपाल सरकारको तर्फबाट सार्वजनिक संस्थानहरुमा भएको ऋण लगानी तथा शेयर लगानीको हिसाव र सम्वन्धित संस्थानमा रहेको नेपाल सरकार तर्फको ऋण लगानी तथा शेयर लगानीको हिसाव अद्यावधिक गर्नका लागी प्रत्येक बर्ष चैत्र मसान्त भित्र सम्बन्धित पक्षको संयुक्त संयन्त्र बनाई फरक हिसाव समायोजन गर्ने प्रणाली व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

ग. प्रक्रियागत सुझावहरु

- अर्थ मन्त्रालयबाट संस्थानको वोर्डमा प्रतिनिधित्व गर्ने प्रतिनिधिलाई सम्बन्धित संस्थानको ऋण तथा शेयर लगानीको अभिलेखको अद्यावधिक गराउने बिषयमा समेत जानकारी सहित निर्देशन दिनु पर्ने देखिन्छ ।
- नेपाल सरकारको शेयर तथा ऋण लगानीको अभिलेख राख्ने निकायले अर्थ मन्त्रालय र संस्थानहरु बीच हिसाब मिलानका लागि समन्वयकारी भूमिका निर्वाह गरी फरक परेको हिसाब मिलाउन पहल गर्नुपर्ने देखिन्छ।
- नेपाल सरकारबाट हुने ऋण तथा शेयर लगानी प्रकृयाको अभिलेखलाई ब्यवस्थित गर्न छुट्टै कार्यविधी वनाई लागु गर्नु पर्ने देखिन्छ ।

घ. प्रतिवेदनमा सुधार गर्नु पर्ने सुझावहरु

- नेपाल सरकारबाट भएको शेयर तथा ऋण लगानीको बार्षिक प्रतिवेदनमा समावेश गर्दा सम्बन्धित संस्थान तथा महालेखा नियन्त्रक कार्यालयबाट

शुन्यान्तर गरी प्रतिबेदन हुँदा कतिपय संस्थानहरुको वास्तविक हिसावमा फरक नरहेको भएतापनि पहेंलो किताब (Yellow book) मा प्रकाशित हुँदा सानो अंकमा फरक देखिएकोले नेपाल सरकारको शेयर तथा ऋण लगानीको प्रतिवेदन गर्दा शुन्यान्तरमा नगरी पूर्ण अंकमा प्रतिवेदन गर्नु उपयुक्त हुने देखिन्छ ।

- अर्थ मन्त्रालयबाट सालवसाली रुपमा प्रकाशन हुने सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा पुस्तकमा महालेखा नियन्त्रकको कार्यालय र सम्बन्धित संस्थानको शेयर तथा ऋण लगानीको हिसाव प्रकाशन गर्दा अघिल्लो आर्थिक वर्ष सम्मको लगानी र चालु आर्थिक वर्षको थप लगानी रकम खुल्ने गरी प्रकाशित गर्दा प्रत्येक आर्थिक वर्षको फरक रकम यकिन हुने र समायोजनमा सहजता आउने देखिन्छ ।
- नेपालको आन्तरिक तथा बाह्य ऋणको अभिलेखलाई व्यवस्थित गर्न निर्माणाधीन Software(DOMS) मा नेपाल सरकारबाट भएको शेयर तथा ऋण लगानीको आवश्यक तथ्यांक परामर्शदातको कार्य शर्त (TOR) वमोजिमको बिबरण यथासीघ्र अद्यावधिक गराउन लगाई आगामी दिनमा हिसाव भिडान कार्यलाई थप प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

अनुसूची १

नेपाल सरकारको शेयर लगानीमा देखिएको फरक

अनुसूची २

नेपाल सरकारको ऋण लगानीमा देखिएको फरक

अनुसूची ४

यस प्रतिवेदन तयारी कार्यमा अन्तरक्रियाका क्रममा संलग्न बिभिन्न निकायका कर्मचारीहरु

अनुसूची ३

हिसाब भिडानका क्रममा प्राप्त कागजात तथा अभिलेखहरु

यस प्रतिवेदन तयारी कार्यमा अन्तरक्रियाका क्रममा संलग्न बिभिन्न निकायका कर्मचारीहरु				
सि.न.	नाम थर	कार्यालय	सम्पर्क नं.	इमेल ठेगाना
१.	राधेश्याम दाहाल	शाखा अधिकृत PDMO	९८५११४४८७०	
२.	राज कुमार श्रेष्ठ	लेखा अधिकृत PDMO	९८४१७२६५२४	
३.	मुक्तीरमण पराजुली	लेखा अधिकृत मलेनिका	९८६०४९९९८	
४.	लक्ष्मी प्रसाद रेग्मी	नेपाल टिम्वर कर्पोरेशन	9852032426	laxmiprasadregmi27@gmail.com
५.	वौद्य हाग राइ	नेपाल विद्धुत प्राधिकरण	9852062900	neacorf@gmail.com
६.	लेखनाथ कोइराला	डि. एम. डी., ने. वि. प्रा.		
७.	डिल्लीरमण दाहाल	निर्देशक, ने. वि. प्रा.	9851126646	
८.	तुलाराम गिरी	निर्देशक, ने. वि. प्रा.	9851168219	
९.	कविता चौधरी	सि ए, ने. वि. प्रा.	9860428552	
१०.	चित्र कुमार आचार्य	जनक शिक्षा सामाग्री के. लि.	9851190676	machitrama@gmail.com
११.	राजेन्द्र प्रसाद गुरागाइ	नेपाल औषधी लिमिटेड	9841830900 014220079	guragainrajendra3@gmail.com
१२.	सुजाता शर्मा	राष्ट्रिय बीउ विजन कम्पनी लि.	9841898510	s_suju2006@yahoo.com
१३.	मुक्तिरमण पराजुली	म.ले.नि.का.	9846049998	
१४.	नारायण घिमिरे	नागरिक लगानी कोष	9851004879	nghimire194@gmail.com
१५.	अनिशा खड्का	नेपाल वायु सेवा निगम	9851169837	ddfpcca@nac.com.np
१६.	विमल डंगोल	राष्ट्रिय वाणिज्य वैंक लि	9851057067	bimal.dangal@rrb.com.np
१७.	काशीनाथ पौडेल	नेपाल नागरिक उड्यन प्रा.	9851096375	paudelkn@yahoo.com
१८.	भिमलला श्रेष्ठ	विद्युत उत्पादन कम्पनी लि.	9851214918	bhimlal1974@gmial.com
१९.	सचिना सापकोटा	नेपाल पारवहन तथा गोदाम व्यवस्थापन	9841852636	sapsachina2045@gmail.com
२०.	धर्मलाल नेपाल	जडीवुटी उत्पादन तथा प्रशोधन क.लि.	9849462066	d.nepal@hppcl.com.np
२१.	तुल वहादुर राना	औधोगिक क्षेत्र व्यस्थापन लि	9855082466	tulrana442@gmail.com
२२.	राम कुमार श्रेष्ठ	नेपाल खानेपानी संस्थान	9846041948	ramkumarstha4444@gmail.com
२३.	यज्ञ प्रकाश न्यौपाने	कृषि विकास वैंक	9851157651	yagyaprakashneupane@gmail.com
२४.	उर्मिला पोखरेल	कृषि सामाग्री संस्थान क लि	4279715 4279361	kscl@ntc.net.np kscl.nepal@gmail.com
२५.	श्रीमणी राज खनाल	नेपाल खाद्य संस्थान	9851142222	shrimaniraj@yahoo.com
२६.	कृष्ण राज पौडेल	नेपाल ओरिण्ड म्याग्नेसाइट	9851028001	Krp.co@hotmail.com
२७.	सुर्य भक्त पोखरेल	नेपाल दुर संचार क.लि.	9851091922	
२८.	कुमार खतिवडा	नेपाल दुर संचार क.लि.	9851107319	
२९.	कमलराज पौडेल	उदयपुर सिमेन्ट कारखाना	9851122494	Kamal.poudel@unil.org.np